www.prepp.in

Prepp — Your Personal Exams Guide

Language Code : **13**

# SAS-24-II

**प्रश्न-पत्र-II / PAPER-II**

**नेपाली भाषा परिशिष्ट**

**Nepali Language Supplement**

**भाग-IV & V / PART-IV & V**

मुख्य परीक्षा पुस्तिका संख्या / Main Test Booklet No.

इस पुस्तिका में **16** मुद्रित पृष्ठ हैं।
This booklet contains **16** Printed pages.

मुख्य परीक्षा पुस्तिका कोड / Main Test Booklet Code

**O**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें। / FOR INSTRUCTIONS IN NEPALI SEE PAGE 2 OF THIS BOOKLET.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I एवं भाग II **या** III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत** है **O**। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

## INSTRUCTIONS FOR CANDIDATES

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **O**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ______________________
Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) / Roll Number : in figures ______________________
: शब्दों में / in words ______________________

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ______________________
Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ______________________ निरीक्षक के हस्ताक्षर : ______________________
Candidate's Signature : Invigilator's Signature :

Facsimile Signature Stamp of
Centre Superintendent : ______________________

www.prepp.in

Language Code : **13**

यस पुस्तिकामा **16** पृष्ठ छन्।

# SAS-24-II

**प्रश्नपत्र-II**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**परीक्षा पुस्तिका संङ्केत**

**O**

**यो परीक्षा पुस्तिका तब मात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ।**

**यस परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा ( पृष्ठ 15 व 16 ) दिइएको निर्देश ध्यानले पढ्नुहोस्।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो। ती परीक्षार्थीहरूका लागि जसले **वा** त भाग IV ( भाषा I ) **वा** भाग V ( भाषा II ) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन्। भाषा परिशिष्ट तपाईँ अलग्गै माग्न सक्नुहुने छ।
4. यस पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत O** हो। के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ।
6. यस पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा 60 वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्।

   **भाग - IV : भाषा - I ( नेपाली )** *(प्र. 91 बाट प्र. 120)*

   **भाग - V : भाषा - II ( नेपाली )** *(प्र. 121 बाट प्र. 150)*
7. **भाग - IV** मा भाषा - I का लागि 30 प्रश्न र भाग - V भाषा-II का लागि 30 प्रश्न दिइएका छन्। **यदि तपाईँको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यस भाषासित सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईँको आवेदन पत्रमा अङ्कित थियो।**
8. **परीक्षार्थीले भाग V ( भाषा II ) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV ) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खाली स्थानमा नै गर्नुहोस्।
10. सबै उत्तर केवल **OMR** उत्तर पत्रमा अङ्कित गर्नुहोस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम (ठुलो अक्षरमा) : ______________________

अनुक्रमाङ्क : अङ्कमा : ______________________

: शब्दमा : ______________________

परीक्षा केन्द्र : ______________________

परीक्षार्थीको हस्ताक्षर : ______________ निरीक्षकको हस्ताक्षर : ______________

Facsimile signature stamp of
Centre Superintendent ______________________

Prepp
Your Personal Exams Guide

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–IV** ( **प्रश्न** 91–120 ) का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-IV** **(Q.No. 91-120)**, if they have opted **NEPALI** as **Language-I** only.

## PART-IV

## LANGUAGE-I

## NEPALI

| |
|---|
| परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-IV ( प्रश्न 91-120 )** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ। |

**दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (91-99) का उत्तर चिह्नित गर्नु होस्।**

सत्य पनि धेरै किसिमको हुन्छ –जस्तो काल्पनिक सत्य, व्यावहारिक सत्य र दार्शनिक सत्य। जुन चिज त्रिकालावाध्य छ त्यसलाई सत्य भनिन्छ र ईश्वर नै प्रथम र अन्तिम सत्य हुन्। तर व्यवहार र जीवनमा सत्यले धेरै स्वरूप लिन्छ र इन्द्रियगोचर दुनियाँको कडा ग्राह्य सत्यलाई म व्यावहारिक सत्य सम्झिन्छु। विवेकको अन्वेषणद्वारा प्राप्त हुनेचाहिँलाई दार्शनिक सत्य भन्दछु र मनका सूक्ष्म चित्रणहरूद्वारा झल्किनेलाई काल्पनिक। ढुङ्गा कडा हुन्छ भन्नु व्यावहारिक सत्य हो, एक-एक जोडे दुई हुन्छ भन्ने र सृष्टिका अस्तित्वद्वारा स्रष्टाको अस्तित्व छ भन्ने कुरालाई म दार्शनिक सत्य भन्दछु; र सरस्वतीलाई देखेर उहाँसँग कुरा गरें भन्ने किसिमको चिजलाई म काल्पनिक सत्य सम्झिन्छु। मेरो निमित्त व्यवहार सीमित छ; दर्शन विवेक अन्धो छ; म काल्पनिक सत्यलाई नै सबभन्दा ज्यादा रुचाउँछु र त्यसैद्वारा ईश्वरको झल्काझल्की पाउँछु। मेरा विचारमा मानव कलाहरू काल्पनिक सत्यमा निर्भर रहन्छन्। खालि व्यवहारको सोझो चित्रण कलाको रूप लिन सक्तैन, न त मेरो रायमा फोटोग्राफी कुनै कला हो, यद्यपि धेरैजना मोटामोटी चिजलाई कलाका नाम चौडा अर्थले दिने गर्दछन्। ती चिजहरू कला नै होइनन् जहाँ यन्त्रहरू मात्र सफल हुन सक्तछन्, जहाँ विवेक मात्र काम गर्दछ र जहाँ कल्पनाको कारिगरी र सिपको जरुरतै छैन। मानव रचनाहरू कला नजिक त्यति मात्रामा आउँछन् र जति मात्रामा तिनउपर सिर्जनात्मक कल्पनाको रङ्गरेखा देखिन्छ र जति मात्रामा हिसाब र विवेक नजिक पुग्दछन् उति यान्त्रिक रचनाहरू बन्दछन्। गणितका सूत्रले हुने कामहरू मगजका काम भए पनि कला भन्न सुहाउँदैन, चित्रकारी कला हो, फोटोग्राफी होइन।

**91.** लेखकका विचारमा अन्तिम सत्य के हो?

(1) कल्पना (2) संवेदना (3) कला (4) ईश्वर

**92.** लेखकले कुन कुरालाई काल्पनिक सत्य मानेका छन्?

(1) मनका चित्रणहरूद्वारा झल्किने
(2) विचारहरूमा आइरहने
(3) इन्द्रियले बोध गरेको आनन्दलाई
(4) बुद्धि र ज्ञानद्वारा बोध हुने

**93.** कलाको निर्माणमा मान्छेमा भएको कुन कुरा प्रभावकारी हुन्छ?

(1) इन्द्रियबोध (2) सिर्जनात्मक कल्पना (3) दर्शनको अध्ययन (4) विज्ञानसम्मत चेतना

**94.** अनुच्छेदमा कति प्रकारका सत्यको कुरा गरिएको छ?

(1) चार (2) पाँच (3) दुई (4) तीन

**95.** तलका मध्ये कुन कार्यले कला जन्मिन्छ?

(1) चित्र बनाउँदा
(2) गाडी चलाउँदा
(3) गणितका अप्ठ्यारा समस्याको समाधान गर्दा
(4) फोटोग्राफी गर्दा

**96.** 'अन्वेषण' शब्दका पर्यायवाची चिन्नु होस् –

(1) खोजी, प्रक्रम
(2) अनुशीलन, शोध
(3) अनुसन्धान, गवेषणा
(4) विश्लेषण, सोधखोज

**97.** तलको कुन कुरा काल्पनिक सत्यको दृष्टान्त हो?

(1) हिउँदका दिनमा मलाई हिँडेर कता कता जान मन पर्छ, भन्नु
(2) आफ्ना प्रेमी वा प्रेमिकासित प्रेमका कुरा गरिरहनु
(3) मैले पाकिस्तान र भारतको क्रिकेट म्याच हेरें, भन्नु
(4) मैले देवता र दानवबिचको घमासान युद्ध हेरें, भन्नु

98. लेखक कस्तो सिर्जना वा कार्यलाई कला मान्दैनन्?
(1) दिव्य दृष्टिले देखिने सुन्दर जगत्
(2) आत्मिक चिन्तनले प्राप्त आनन्दमय कुरा
(3) यन्त्रहरूबाट निर्मित
(4) कल्पनाको लोकमा निर्मित

99. लेखकले काल्पनिक सत्यद्वारा कुन अलौकिक कार्य गर्दछन्?
(1) खुसी बाँड्न सक्छन्
(2) ईश्वर देख्न भेट्न सक्छन्
(3) आफैलाई चिन्दछन्
(4) आफूलाई भिन्न देख्छन्

**दिइएको कविता पढेर तल भएका प्रश्नहरू (100-105) का उत्तर चिह्नित गर्नु होस्।**

तिमी ता यहाँ नचिनिने भएछौ।
गालाका रगतहरू सुकिसकेछन्
आँखाका ज्योति सब हराइसकेछन्
तिमी ता रुँदारुँदै निदाएको बालक जस्तो
कठोर कारागारको यातनाभोगी विरक्त बन्दी जस्तो
गाँस खोसिएको बास लुटिएको विह्वल हतभागी जस्तो
कस्तो कस्तो भएछौ
तिमी ता यहाँ नचिनिने भएछौ।
अतीत गौरवले धपक्क बलेको अधिको चहकिलो अनुहारमा
ग्लानिका विषाक्त रेखाहरू कोरिएछन्
पहाडका वैशाखी वनमा
तिमी जङ्गली फुल झैँ हँसिलो देखिन्थ्यौ
अब ता चेहरामा तिम्रा
विषादका काला धर्साहरू कोरिएछन्
चोटमा भुक्नु होइन बरु सहनु सिकेछौ
तिमी ता अर्कै अर्कै जस्तो भएछौ,
तिमी ता यहाँ नचिनिने भएछौ।

100. 'जङ्गली फुल झैँ हँसिलो' भन्नाले के बुझिन्छ?
(1) व्यावहारिक गुण नभएको
(2) प्राकृतिक रूपले सुन्दर
(3) असभ्य पाराले हाँसिरहने
(4) जतासुकै मनपरी हाँस्ने

101. कविले 'तिमी' लाई कस्तो भएको भनी भनेका छन्?
(1) निदाइरहने बालक जस्तो
(2) गालामा सुकेको रगतको टाटा बसेको
(3) बन्दीगृमा काम गर्ने मानिस जस्तो
(4) निस्तेज र भाग खोसिएको

102. 'तिमी' र 'कवि' माझ पहिले कस्तो सम्बन्ध थियो?
(1) परिचित तथा आत्मीय
(2) द्वैषपूर्ण
(3) अपरिचित तथा उदासीन
(4) कवि 'तिमी' का विषयमा केही पनि जान्दैन थिए

103. 'तिमी'ले वर्तमानमा कस्तो चरित्रको विकास गरेको छ?
(1) निष्क्रिय भई बस्ने र अरूलाई मात्र दोष दिने
(2) सबैलाई अचिनारुलाई झैँ व्यवहार गर्ने
(3) विरोध नगर्ने तर सहेर बस्ने
(4) कुकुरले जस्तो भुक्ने तर सहनशील

**104.** कवितामा 'तिमी' भनी जसलाई सम्बोधन गरिएको छ, उसको इतिहास कस्तो छ?

(1) कलङ्कित (2) उदाहरणीय (3) अलिखित (4) गौरवपूर्ण

**105.** 'रुँदारुँदै' कुन प्रकारको अव्यय पद हो?

(1) संयोजक (2) विस्मयादिबोधक (3) नामयोगी (4) क्रियायोगी

**106.** भाषा अधिग्रहणले बुझाउँछ -

(1) औपचारिक स्थितिमा सचेततापूर्वक भाषा सिक्नु
(2) भाषाका विषयमा सिक्नु
(3) भाषाको व्याकरण-का नियमहरू सिक्नु
(4) अनौपचारिक स्थितिमा नबुझिँदो पाराले भाषा सिक्नु

**107.** शास्त्रीय भाषाहरूको अध्ययनलाई राष्ट्रिय शिक्षा नीति (NEP) 2020 ले यस रूपमा अनुमोदन गर्छ -

(1) माध्यमिक स्तरमा अतिरिक्त विकल्प (2) प्राथमिक स्तरदेखि सबै नानीहरूका लागि एउटा भाषा
(3) त्रय भाषा सूत्र (4) स्कुलका प्रारम्भिक चरणहरूबाट

**108.** मूल्याङ्कनका उद्देश्यमा तलको कुन चाहिँ साँचो हो/हुन्?

a. के कुरा सिकिएको छ भन्ने सिकारुहरूलाई सूचित गर्नु मूल्याङ्कन हो
b. सिकारुले के सिकेको छैन भनी जान्नु मूल्याङ्कन हो
c. सिकारुको स्थान कक्षामा कहाँ छ भनी उसलाई सूचित गर्नु मूल्याङ्कन हो
d. माथिल्लो कक्षामा प्रोन्नत गर्नका लागि सिकारुहरूलाई ग्रेड दिनु मूल्याङ्कन हो

(1) b र c सत्य हुन् (2) d र b सत्य हुन् (3) a र c सत्य हुन् (4) a र b सत्य हुन्

**109.** रूप आधारित विधिका माध्यमले भाषाका व्याकरणिक पक्षको शिक्षण कुन ज्ञान प्राप्तिका लागि हो?

(1) विषय ज्ञान (2) वस्तु ज्ञान (3) प्रक्रियात्मक ज्ञान (4) निर्णयात्मक ज्ञान

**110.** 'पढ्नु भनेको अर्थ खोल्नु हो' भन्नाले के बुझिन्छ?

(1) सिकारुहरूलाई पढिएको पाठका विविध अर्थ ठहऱ्याउने बनाउनु पढाइ हो
(2) पढिएको पाठमा भएका वर्णमालाका वर्णहरू अनि शब्दहरूको अर्थ खोलाउनु पढाइ हो
(3) ध्वनि शिक्षणविधि, ध्वनि संयुक्तता, शब्द अनि वाक्यबाट पढाइ आरम्भ हुन्छ
(4) पढिएको पाठका विचारहरू बुझ्नु र आत्मसात गर्नु पढाइ हो

**111.** एकजना शिक्षिका पाँचौँ श्रेणीलाई पाँच पाँचजनाको समूहमा बाँड्छिन् र विचार सङ्ग्रह, विविध पक्षमा मानिसहरूसँगको अन्तर्वार्ता र तिनको व्याख्याका लागि विषय र शीर्षक दिन्छिन् अनि सङ्ग्रह गरिएका तथ्य र व्याख्याका आधारमा एउटा प्रतिवेदन लेख्न लगाउँछिन्। यसलाई के भनी जानिन्छ?

(1) शिक्षणमा विषयगत विधि (2) शब्दावली सिक्नु
(3) सुम्पिएको काम (एस्साइनमेन्ट) (4) योजना कार्य

**112.** भारतीय सम्विधानमा अङ्ग्रेजी भाषालाई कुन मर्यादा प्रदान गरिएको छ?

(1) शिक्षामा दोस्रो भाषा (2) सहायक आधिकारिक भाषा
(3) सह-आधिकारिक भाषा (4) मान्यताप्राप्त एउटा भाषा

**113.** तलका मध्ये कुन चाहिँ चल्ती भाषा सिकाइ सन्दर्भ हो/हुन्?

a. सुन्नु, बोल्नु, पढ्नु, लेख्नु, रैखिक पाराले ध्यान दिनु र विकास गर्नु

b. सुन्नु, बोल्नु अनि लेखनलाई पछ्याउँदै प्रथमतः पठनको विकास

c. भाषा सिकाइमा सिकारुहरूद्वारा विकास गरिनु पर्ने अन्तिम कौशल लेख्नु

d. सुन्नु, बोल्नु, पढ्नु, लेख्नु, सँगसँगै ध्यान दिनु र विकास गर्नु

(1) d साँचो हो (2) a साँचो हो (3) b साँचो हो (4) c साँचो हो

**114.** प्रभावकारी प्रकारले व्याकरणको शिक्षण विषयमा तलको कुन चाहिँ ठिक होइन?

(1) वास्तविक जीवनका जस्तै सम्पर्कको अभ्यासमा रूप प्रदान गर्नु

(2) अभ्यासका माध्यमले अनि स्मरण गरेर व्याकरणका नियमहरू सिक्नु

(3) विशेष सम्पर्कमा रूपको प्रस्तुतीकरण

(4) सन्दर्भमा व्याकरणका प्रासङ्गिक नियमहरू प्रकाशमा ल्याउनु

**115.** विद्यार्थीले पढेको कुनै कथा उसले आफ्ना शब्दमा दोहोऱ्याएर भन्ने कामले यस मूल्याङ्कनमा सघाउ पुऱ्याउँछ –

(1) बोध (2) स्मृति (3) अचूकता (4) धाराप्रवाहिता

**116.** विद्यार्थीहरूले गरेका भाषागत त्रुटिहरू बुझ्ने/सिक्ने कामले –

(1) संशोधन कार्यको भार बढाउँछ (2) सिकारुहरूलाई नकारात्मक बल प्रदान गर्छ

(3) सिकाइमा सघाउ पुऱ्याउँछ (4) सिकाइमा बाधा हुन्छ

**117.** तलका मध्ये कुन चाहिँ ग्रहण कौशल हुन्?

(1) बोल्नु र लेख्नु (2) सङ्कथन कौशलहरू (3) सुन्नु र बोल्नु (4) सुन्नु र पढ्नु

**118.** तलका मध्ये कुन चाहिँ पठन-समय कार्य हो?

(1) शिक्षकले घरमा मनमनै पाठ पढ्छन् र कक्षामा त्यो पढाउनका लागि तयारी गरी आउँछन्

(2) कक्षालाई चार चारजनाको समूहमा बाँडिन्छ र पालैसित पाठ पढ्न लगाइन्छ। पाठलाई आत्मसात गरी अर्थ खोलाउन सिकारुहरूलाई शिक्षकले सजिलो पारिदिन्छन्

(3) शिक्षकले समग्र कक्षा क्रियाकलापका रूपमा सिकारुहरूसित अघिबाटै पाठमा निहित विचारहरूबारे चर्चा गर्दछन्

(4) सिकारुहरूलाई तिनीहरू कथाका एउटा पात्र हुन् भनी मानिलिन लगाइन्छ अनि उनीहरूका अनुभव डायरीमा लेख्न लगाइन्छ

**119.** राम्रो बोल्ने क्रिया त्यो हो जहाँ –

(1) सहभागिता असमान छ (2) झट्ट बोलिहाल्ने विद्यार्थीको सहभागिता धेरै हुन्छ

(3) शिक्षकहरू बेसी बोल्छन् (4) सिकारुहरू बेसी बोल्छन्

**120.** भाषा हो –

(1) एउटा वैज्ञानिक व्यवस्था (2) सामाजिक संस्थान

(3) नियमहरूको एउटा व्यवस्था (4) व्याकरण व्यवस्था

Prepp
Your Personal Exams Guide

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V ( प्रश्न 121–150 )** का प्रश्नहरूको उत्तर दिनुपर्ने छ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **Language-II** only.

Prepp
Your Personal Exams Guide

## PART-V

## LANGUAGE-II

## NEPALI

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-V ( प्रश्न 121-150 )** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ।

**दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (121-128) का उत्तर चिह्नित गर्नु होस्।**

धेरै अघि देवता र असुरहरूमा धुमधामको लडाइँ हुन्थ्यो। असुर अर्थात् राक्षसहरू निकै बलिया थिए। उनीहरूका गुरु शुक्राचार्य थिए। उनी सञ्जीवनीको विद्या जान्दथे। यो विद्या अनुसार उनी मरेकालाई तुरुन्तै जीवित पार्दथे। लडाइँमा धेरै राक्षसहरू मरे तर उनले तुरुन्तै जीवित पारे। यसो हुँदा देवताहरूलाई साह्रो पर्‍यो। राक्षसहरूको सेना कहिले घटेन तर देवताहरूको सेना घट्तै घट्तै गयो। देवताहरूका गुरु वृहस्पति थिए। उनी सबै जान्दथे तर सञ्जीवनी विद्या जानेका थिएनन्। वृहस्पतिलाई के थाहा थियो भने देवताहरूले राक्षसहरूलाई कहिले पनि जित्न सक्तैनन्, फेरि राक्षसहरूले पनि लडाइँ जित्न सक्तैनन्। यसो हुँदा लडाइँ सधैँ चलिरहने भयो। एक दिन देवताहरूले वृहस्पतिका छोरा कचलाई भेटे र बिन्ती गरे- 'कच, तिमी अझ पनि छात्र नै छौ। तिमी शुक्राचार्यको छात्र भएर सञ्जीवनी विद्या सिकेर आऊ।' कचले भने- 'म वृहस्पतिको छोरा हुँ भन्ने कुरा शुक्राचार्यले जान्दछन्। उनले मलाई कसरी आफ्नो छात्र बनाउँछन्?' देवताहरूले भने- 'तिमी अत्यन्त ज्ञानी छौ भन्ने कुरा सबैलाई थाहा छ। कुनै पनि गुरुले तिमी जस्ता छात्रलाई अवश्य स्वीकार गर्ने छन्।' कच आफ्ना पिताको अनुमति लिएर शुक्राचार्यको आश्रममा गए। ढोकामा एउटी अत्यन्त सुन्दरी किशोरी उभिएकी थिइन्। कचले उनलाई शुक्राचार्यकहाँ लैजाने बिन्ती गरे। ती सुन्दरी देवयानी थिइन्, शुक्राचार्यकी एकमात्र छोरी। कचलाई देख्नेबित्तिकै उनी प्रेममा फँसिन्। उनले कचलाई आफ्ना पिताकहाँ लगिन्।

**121.** 'तुरुन्तै' शब्दको विपरीतार्थक कुन हो?

(1) बिस्तारै (2) धैर्यपूर्वक (3) शीघ्र (4) सुस्त

**122.** शुक्राचार्यले आफूलाई शिष्यका रूपमा स्वीकार गर्दैनन् भन्ने कचलाई किन लाग्यो?

(1) पिताको अनुमति नपाएकाले
(2) उनलाई लडाइँ मन नपरेकाले
(3) उनी साह्रै ज्ञानी हुनाले
(4) उनी देवगुरुका छोरा हुनाले

**123.** कच शुक्राचार्यकहाँ शिष्य हुन जाने कारण के थियो?

(1) अझै धेरै ज्ञानी भई प्रसिद्ध हुन
(2) सञ्जीवनीको विद्या सिक्न
(3) असुरहरूको विद्या सिक्न
(4) सञ्जीवनी बुटी लिन

**124.** सञ्जीवनी विद्या जान्नाले के हुन्छ?

(1) आफू कहिल्यै नमर्ने भइन्छ
(2) लडाइँको अन्त गर्न सकिन्छ
(3) मरेकालाई जीवित पार्न सकिन्छ
(4) असुरलाई सुर बनाउन सकिन्छ

**125.** वृहस्पति को हुन्?

(1) शुक्राचार्यका मित्र
(2) देवताहरूका गुरु
(3) देवयानीका पिता
(4) असुरहरूका गुरु

**126.** देवताहरूले राक्षसहरूलाई कहिल्यै जित्न नसक्ने कारण के हो?

(1) देवताहरू लडाइँमा सिपालु थिएनन्
(2) राक्षसहरू जालझेल गर्दथे
(3) राक्षसहरू बलिया थिए
(4) राक्षसहरूको सङ्ख्या कहिल्यै घट्तैन थियो

**127.** 'छात्र' शब्दका पर्यायवाची चिन्नु होस्-

(1) विनयी, शिष्य, आज्ञाकारी
(2) शिष्य, चेलो, विद्यार्थी
(3) विद्यार्थी, आज्ञाकारी, शिष्य
(4) चेलो, अनुज, विनयी

**128.** राक्षसहरू अनि देवताहरूका बिच लडाइँ किन सधैँ चलिरहने भयो?

(1) हार र जितको निर्णय नहुने हुनाले
(2) वृहस्पतिले युद्धविराम नचाहेको हुनाले
(3) राक्षसहरूको सङ्ख्या धेरै हुनाले
(4) देवताहरूको सङ्ख्या धेरै हुनाले

**दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (129 - 135) का उत्तर चिह्नित गर्नु होस्।**

कविलाई म मानव हृदयभित्र सुषुप्त रहेको दैवी अंशको सुइच्छालाई भाषामा प्रकट गर्ने 'माउथपिस' सम्झिन्छु। जीवनको कुनै पलमा पनि असल विचारले जन्म नपाएको हृदय कुनै पाखण्डीको पनि छैन होला। जस्तै पतित भए पनि कोही न कोही बेला एउटा न एउटा सुविचार प्रत्येक मानिसकहाँ आउँछ। त्यस्ता सुविचारहरूको सङ्कलन गरे हामी कविका लेखनीबाट आफ्नै भाव मुखरित भएको देख्छौँ। यसर्थ हामीभित्र रहेको दैवी अंशको परिचय गराउने प्रयत्न गर्ने कविलाई म साधु ठान्छु, महात्मा ठान्छु, महर्षि ठान्छु। हाम्रा आदिकवि महर्षि थिए भन्ने उक्तिमा म रूपक सत्य छिपेको देख्छु। आदर्श कवि-हृदयमा ऋषित्व छ र चानचुने कविको हृदय अरू बेला नभए पनि स्वस्फुरित भावना व्यक्त भएका बेला ऋषित्वले भरिएको हुन्छ भन्ने मलाई निश्चय छ। राक्षसहरूका कवि थिए भन्ने मैले सुनेको छैन, थिए भने पनि राक्षस कविको कल्पनामा म काल्पनिक विरोध देख्छु। त्यस्तो कल्पना मबाट हुन सक्तैन।

**129.** लेखकले कविलाई कस्ता कुरा प्रकट गर्ने 'माउथपिस' ठान्छन्?

(1) पाखण्डीको सत्य
(2) मानवीय गुण दोष
(3) मानव हृदयमा रहेको सुविचार
(4) ईश्वरको स्तुति

**130.** लेखक कविलाई किन साधु वा महर्षि ठान्छन्?

(1) हामीले साथै पाखण्डहरूले गर्न नसक्ने तिलस्मी काम कविले गर्ने हुँदा
(2) अर्कै लोकमा पुगेर कविले हाम्रा लागि सुविचार ल्याउने हुँदा
(3) कविको लेखनीले सांसारिक यथार्थको उद्घाटन गर्ने हुँदा
(4) कविको लेखनीबाट व्यक्त सुविचार हाम्रा भावसित तादात्म्य हुने हुँदा

**131.** 'राक्षस कवि'-मा लेखक किन काल्पनिक विरोध देख्छन्?

(1) कविका कल्पनामा मात्र राक्षस कविको बिम्ब आउँदछ
(2) राक्षसहरूका कविबारे पढ्न उनी उत्सुक छन्
(3) 'राक्षस कवि' भन्ने पद व्याकरणिक दृष्टिले स्वीकार्य छैन
(4) कविमा राक्षस चरित्रको कल्पना कवि गर्न सक्तैनन्

Prepp
Your Personal Exams Guide

**132.** कविको रचनामा हुने एउटा खास विशेषता के हुन्छ?

(1) सुविचारहरूको सङ्कलन (2) कल्पना
(3) ऋषित्व (4) मानव इच्छा

**133.** 'महर्षि' शब्दको सन्धि विच्छेद कस्तो हुन्छ?

(1) मह+आरुषि (2) महत्+ऋषि (3) महान्+ऋषि (4) महा+ऋषि

**134.** 'रूपक सत्य' भन्नाले के बुझिन्छ?

(1) मानिलिनु पर्ने सत्य (2) कुनै भेद नहुने गरी मिल्दो सत्य
(3) तुलनामा सत्यको मात्रा अधिक भएको (4) सङ्गतिविहीन सादृश्य

**135.** कुन कुरामा ऋषित्व छ भनी लेखक मान्दछन्?

(1) आदर्श कवि हृदयमा (2) कविका कृतिहरूमा
(3) सत्य वाणीमा (4) ईश्वर स्तुति र आस्थामा

**136.** भाषा शिक्षणमा तलको कुन चाहिँ भुल धारणा हो?

(1) भाषा शिक्षणले सम्पर्कपरक क्रियाकलापमा ध्यान पुऱ्याउनु पर्छ
(2) भाषा शिक्षणले बोल्नु भन्दा लेख्ने कामलाई अधिक महत्व प्रदान गर्नु पर्छ
(3) वास्तविक स्थितिहरूमा प्रयोग गर्ने प्रयासद्वारा सिकारुहरूले भाषा अधिग्रहण गर्छन्
(4) सिकाइमा सिकारुको पहिलो भाषाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ

**137.** रचनात्मक मूल्याङ्कनले सहायता गर्छ –

(1) सिकारुहरूले अझ राम्रो गर्नका लागि गुणात्मक प्रभावी प्रतिक्रिया (फिडब्याक) प्रदान गर्न
(2) सप्ताहमा जाँच सञ्चालन गर्न
(3) कक्षामा प्रतियोगितामूलक परिवेश सिर्जना गर्न
(4) शिक्षणमा शिक्षकको दक्षताको मूल्याङ्कन गर्न

**138.** प्रभावशाली पाराले व्याकरण शिक्षणका विषयमा तलको कुन चाहिँ सही होइन?

(1) वास्तविक जीवनका जस्तै सम्पर्कको अभ्यासमा रूप प्रदान गर्नु
(2) अभ्यासका माध्यमले अनि स्मरण गरेर व्याकरणका नियमहरू सिक्नु
(3) विशेष सम्पर्कमा रूपको प्रस्तुतीकरण
(4) सन्दर्भमा व्याकरणका प्रासङ्गिक नियमहरू प्रकाशमा ल्याउनु

139. बोध मूल्याङ्कन यस कुराको मूल्याङ्कनसित सम्बन्धित छ –
(1) शिक्षाविषयक अनि सह–शिक्षाविषयक दुवै क्षेत्रहरू
(2) एकत्रित मूल्याङ्कन जाँचहरू
(3) सह–पाठ्यक्रम क्रियाकलाप
(4) शैक्षिक विषयहरू

140. ससाना सिकारुहरूलाई नयाँ शब्दहरू सिकाउन एकजना शिक्षिका वास्तविक वस्तुहरूको प्रयोग गर्छिन्, किनभने –
(1) भावपूर्ण विचारका लागि ससाना सिकारुहरू सक्षम छैनन्
(2) यसले वास्तविक जीवनमा नानीहरूले देखेका वस्तुहरूसित शब्दको सम्बन्ध बुझ्न सिकारुहरूलाई सघाउँछ
(3) शब्दको सही वर्तनी सिकाउन यसले सघाउँछ
(4) वस्तुहरूका माध्यमले मात्रै हामी शब्दावली सिकाउन सक्छौँ

141. पारम्परिक पेन–पेपर टेस्टका माध्यमले मूल्याङ्कन गर्न नसकिने भाषा कौशल हुन् –
(1) लेख्नु र सुन्नु (2) पढ्नु र सुन्नु (3) सुन्नु र बोल्नु (4) पढ्नु र बोल्नु

142. बोल्ने कौशलको विकास गर्न तलको कुन पक्ष महत्त्वपूर्ण हुन्छ?
(1) स्थिति र प्रसङ्गलाई ध्यानमा राखेर बोल्नु
(2) बोलीमा परिवर्तन र सुरलहरको प्रयोग गर्नु
(3) स्पष्ट र ठिक उच्चारणको प्रयोग गर्नु
(4) मिठो र सुरिलो सोर निकाल्नु

143. तलका मध्ये कुन चाहिँ एन सी एफ (NCF) 2005 का पाँचवटा मार्गनिर्देशक सिद्धान्तभित्र अन्तर्भुक्त छैन?
(1) भएको, पाठ्य पुस्तक केन्द्रित भन्दा नानीहरूलाई पूर्णतः विकास प्रदान गर्नका निम्ति पाठ्यक्रमलाई समृद्ध पार्नु
(2) व्यावसायिक शिक्षकको भूमिका निर्वाह गर्नु
(3) स्कुलबाहिरका जीवनमा ज्ञानलाई जोड्नु
(4) रटेर सिक्ने कार्यबाट सिकाइ अन्यत्रै पुगेको छ भनी निश्चित गर्नु

144. पोर्टफोलियो मूल्याङ्कनबारे तलको कुन चाहिँ सही होइन?
(1) यसले विद्यार्थीको पुनर्विचार क्षमता बढाउँछ अनि उनीहरूको सिकाइलाई आफै सञ्चालित गर्न सघाउँछ
(2) पोर्टफोलियो मूल्याङ्कन विद्यार्थीका मूल्याङ्कनको एककालिक मूल्याङ्कन हो
(3) विद्यार्थीका सिकाइको साक्ष्य पोर्टफोलियो मूल्याङ्कनले प्रदान गर्छ
(4) अझ स्वतन्त्र हुनामा यसले विद्यार्थीलाई सहयोग गर्छ

Prepp
Your Personal Exams Guide

**145.** नयाँ शब्दहरू प्रभावकारी प्रकारले सिकाउन एकजना शिक्षिका वास्तविक वस्तुहरूको प्रयोग गरिरहेकी छन्। यी वस्तुहरूलाई भनिन्छ –

(1) खेलौनाहरू (2) रिअलिया (3) शिक्षण विधि (4) शिक्षण नीति

**146.** ध्यानपूर्वक पठन यो थाहा पाउनका लागि भन्ने बुझिन्छ –

(1) सूचनाको कुनै विशेष सामग्री वा खण्ड (2) केन्द्रीय विचार

(3) लेखकको विचार (4) कठिन शब्दहरू

**147.** शिक्षकले नानीहरूको मूल्याङ्कन गर्छन् –

(1) सिकाइमा अघि बढ्नका लागि नानीहरूलाई सघाउ हुने गरी अगाडिका योजना बनाउन

(2) विद्यार्थीको तुलना उसका सहपाठीहरूसँग गर्न

(3) कक्षामा को चाहिँ श्रेष्ठ भाषा प्रयोक्ता हो भनेर थाहा पाउन

(4) नानीहरूका सिकाइको रिक्तता थाहा पाउन

**148.** भाषा कक्षामा त्रुटिका बारेमा तलका मध्ये कुन चाहिँ सत्य हो?

(1) नानी लोसे सिकारु हो भन्ने कुराको सङ्केत त्रुटिहरू हुन्

(2) त्रुटि भनेको दोस्रो भाषामा पहिलो भाषाको अतिक्रमण भएको सङ्केत हो

(3) त्रुटि भनेका सिकाइका क्षेत्र हुन् अनि शिक्षक अनि सिकारु दुवैका निम्ति फिडब्याक हुन्

(4) सिकारुले भाषा प्रयोग गर्दा उतिखेर नै त्रुटिहरूको संशोधन गरिनु पर्छ

**149.** सन्दर्भमा व्याकरणले जोड दिन्छ –

(1) विषयको अनुवाद गर्न (2) नियमहरूको अतिसामान्यीकरण

(3) भाषाका नियमहरू आन्तरिकीकरण गर्न (4) भाषाका नियमहरू स्मरण गर्न

**150.** तलका मध्ये कुनले प्राक् पठन क्रियाकलापलाई सघाउ पुऱ्याउँछ?

(1) सिकारुहरूलाई पाठको सारांश निकाल्नु भन्नाले

(2) व्याकरणिक संरचना पढाउनाले

(3) भाव व्याख्याका कार्यहरू गर्नाले

(4) पूर्वानुमान कार्यले

- o O o -

www.prepp.in

Your Personal Exams Guide

SPACE FOR ROUGH WORK

Your Personal Exam Guide

## तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस्

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस्।
2. OMR को दोस्रो पातोमा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध वृत्तलाई **निलो/कालो बल पेनले भरेर कालो** पार्नुहोस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्च्याउन पाइने छैन।
3. परीक्षार्थीले उत्तर पुस्तिका भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार गर्न पाउने छैनन्। निर्दिष्ट गरिएको बाहेक अन्यत्र कतै आफ्नो रोल नम्बर लेख्न पाइने छैन।
4. उत्तर पत्र तथा परीक्षा पुस्तिकालाई विशेष रूपले ध्यान दिनु होस्। कुनै कारणवश परीक्षा पुस्तिका र उत्तर पत्रको कोड वा सङ्ख्या यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ।
5. परीक्षार्थीले दिइएको उत्तर पत्र/परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ।
6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।
8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश पत्र देखाउनु पर्ने छ।
10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि निरीक्षक पत्र, उपस्थिति पत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ। कुनै परीक्षार्थीले दोस्रो पल्ट उपस्थिति पत्रमा हस्ताक्षर गरेको छैन भने उत्तर पत्र नफर्काएको मानिने छ र यो अनुचित मुद्दा ठहऱ्याइने छ। उपस्थिति पत्रमा दिइएको स्थानमा परीक्षार्थीले आफ्नो देबे हातको बुढी औँलाको छाप अवश्य लाउनु पर्ने छ।
12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।
13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्ण रूपले पालन गर्नुपर्ने छ। कुनै तरीकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा अलग्गै पारी फटाउन पाइने छैन।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन्।**

prepp
Your Personal Exams Guide

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **नीले/काले बॉल पॉइन्ट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के कोड या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका कोड व संख्या को परीक्षार्थी सही तरीके से उपस्थिति-पत्र में लिखें।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और परीक्षार्थी विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं उपस्थिति-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार उपस्थिति-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान उपस्थिति-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी परीक्षण संस्था के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला परीक्षण संस्था के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी भी परिस्थिति में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व उत्तर पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Blue / Black Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against the candidate including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Examining Body with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Examining Body.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***

prepp Your Personal Exam Guide